## धर्मदेवी नगरपालिका
## मदिरा विक्री वितरण तथा नियमन कार्यविधि२०७६

**प्रस्तावनाः**

धर्मदेवीनगरपालिका क्षेत्रभित्र अवैधरूपमा मदिरा उत्पादन, विक्री वितरणतथा सेवनलाईनियन्त्रणका साथै मदिरा विक्री वितरण कार्यलाई व्यवस्थित र नियमन गर्न आवश्यक देखिएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम धर्मदेवीनगरपालिकाले यो कार्यविधि बनाई लागू गरेकोछ ।

### परिच्छेद -१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम धर्मदेवीनगरपालिकाको मदिरा विक्री वितरण, व्यवस्थापन तथा नियमन कार्यविधि २०७६ रहेकोछ ।

(ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क) “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनुपर्दछ ।

ख) “नगरपालिका” भन्नाले धर्मदेवीनगरपालिकालाई सम्झनुपर्दछ ।

ग) “कार्यपालिका” भन्नाले धर्मदेवीनगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्दछ ।

घ) “सभा” भन्नाले धर्मदेवीनगरपालिकाको नगर सभालाई सम्झनुपर्दछ

ङ) “कार्यालय” भन्नाले धर्मदेवीनगरपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

च) “मदिरा” भन्नाले फलफूल तथा अन्न कुहाई वा अन्य कुनै तरिकाले नेपाल सरकारको मापदण्ड अनुरूप तयार पारिने विदेशी वा स्वदेशी अल्कोहलिक पदार्थ मिश्रित सबै किसिमको रक्सी,वियर,वाईन अथवा त्यसको विभिन्न स्वरूप समेतलाई जनाउदछ ।



छ) “घरेलु मदिरा” भन्नाले घरेलु सामग्री, कच्चा पदार्थहरू प्रयोग गरी नेपाल सरकारको मापदण्ड पूरा नगरी तयार पारिएको मदिरालाई जनाउदछ ।

ज) “डिलरबाला” भन्नाले धर्मदेवीनगरपालिका भित्र मदिराको थोक विक्री गर्ने अनुमति प्राप्त विक्रेतालाई सम्झनु पर्दछ।

झ) “होटल” भन्नाले भोजन, खानपानको प्रबन्ध भई वा नभई बसोबासको सुविधादिने गरीव्यावसायिकउद्देश्यका लागि चलाइएको होटल सम्झनुपर्दछ र सो शब्दले रेष्टुरॉं समेतलाई जनाउँदछ ।

ञ) “प्रमुख” भन्नाले धर्मदेवीनगरपालिकाको प्रमुखलाई सम्झनुपर्दछ ।

ट) “उपप्रमुख” भन्नाले धर्मदेवीनगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्दछ

ठ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले धर्मदेवीनगरपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी बहन गरेको अधिकारी सम्झनु पर्दछ ।

ड) “वडा प्रमुख” भन्नाले धर्मदेवीनगरपालिकाका विभिन्न वडाबाट निर्वाचित वडा प्रमुख सम्झनुपर्दछ ।

ण) “मूल समिति” भन्नाले धर्मदेवीनगरपालिकामा गठित धर्मदेवीनगरपालिकाको मदिरा विक्री वितरण व्यवस्थापन तथा नियमन समितिलाई सम्झनुपर्दछ ।

ढ) “समिति” भन्नाले प्रत्येक वडामा गठित वडास्तरीय मदिरा व्यवस्थापन समितिलाई सम्झनुपर्दछ।

त) “अनुमतिपत्र” भन्नाले धर्मदेवीनगरपालिकाले मदिरा उत्पादन, विक्री वितरण, निकासी तथा पैठारी गर्न दिएको अनुमतिपत्रलाई सम्झनुपर्दछ

थ) “मदिरा विक्री वितरण नियन्त्रण” भन्नाले कुनै व्यक्ति वा व्यवसायीले अनुमतिपत्र बेगर वा अनुमतिपत्र पाएकाले पनि अनुमतिमा तोकिएको शर्त बमोजिम बाहेक मदिरा विक्री वितरण गर्न वा मदिरा खुवाउने बार वा रेष्टुरेण्ट वा पसल थाप्न पाइने छैन ।

### परिच्छेद २

धर्मदेवी नगरपालिका
धर्मदेवी नगरपालिका

## समिति गठन सम्वन्धी व्यवस्था

३. मदिराको विक्री वितरणलाई व्यवस्थित गर्न देहायको मदिरा विक्री वितरण व्यवस्थापन तथा नियमन मूल समिति गठन गरिनेछ,

क) धर्मदेवीनगरपालिकाप्रमुख - संयोजक

ख) धर्मदेवीनगरपालिकाको उपप्रमुख - सदस्य

ग) जिल्ला प्रहरी कार्यालय, संखुवासभाका अधिकृत प्रतिनिधि - सदस्य

घ) वाणिज्य कार्यालय, धर्मदेवी- सदस्य

ङ) घरेलु तथा साना उद्योग कार्यालय - सदस्य

च) आन्तरिक राजश्व कार्यालय - सदस्य

छ) होटल व्यवसायीहरूको छाता संगठनको प्रमुख वा प्रतिनिधि -सदस्य

ज) मदिरा नियन्त्रण सम्वन्धी कार्यरत नागरिक संघ सस्था, -सदस्य

झ) आमा समूहबाट (कम्तीमा १ जना महिला सहित) प्रमुखले तोकेको - २ जनासदस्य

ञ) संयुक्त टोल नगर समन्वय समितिका संयोजक वा प्रतिनिधि -सदस्य

ट) स्थानीय व्यापार संघका प्रमुख वाप्रतिनिधि मध्ये १ जना - सदस्य

ठ) नगरपालिकास्तरीय मदिरा व्यवसायी संघको प्रमुख वा प्रतिनिध - सदस्य

ड) मदिरा व्यवसाय ईजाजत दिने विषयगत कार्यालयका अधिकृत प्रतिनिधि - सदस्य

ढ) नगरपालिकाको विषयगत शाखाको शाखा अधिकृत कर्मचारी - सदस्य

द) नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

४. **मूल समितिको काम, कर्तव्य र अधिकारः**

क) अव्यवस्थित मदिराको अव्यवस्थित विक्री वितरणलाई व्यवस्थित गरी नगरपालिकामा हुने विकृति, विसंगतिलाई रोक्न आवश्यक कार्य गर्ने गराउने ।

ख) वडा स्तरीय मदिरा व्यवस्थापन समितिलाई आवश्यक सहयोग तथा निर्देशन दिने ।

ग) मदिराको विक्री वितरण र व्यवस्थापन तथा नियमन गर्न यस कार्यविधिलाई कडाइका साथ लागू गर्ने/गराउने ।

घ) यो कार्यविधि विपरीत मदिरा विक्री वितरणगर्ने वा सेवन गर्नेलाई जरिवाना गर्ने, गर्नलगाउने।

ङ) मदिरा विक्री वितरण व्यवस्थापन र नियमनलाई व्यवस्थापन गर्न आवश्यक अध्ययन, अनुगमन गर्ने गराउने ।

च) वडा स्तरीयमदिरा व्यवस्थापन समितिको काम, कारवाहीको अनुगमन गर्ने, गराउने ।

छ) नगरपालिकालाई मदिरा विक्री वितरणको प्रभावकारी व्यवस्थापनका लागि प्रत्येक नगर सभा पूर्व नीति, बजेट तथा कार्यक्रमका वारेमा लिखित सुझाव पेश गर्ने ।

५. मदिराको विक्री वितरणलाई व्यवस्थित गर्न प्रत्येक वडामा देहाय बमोजिम वडा स्तरीय मदिरा व्यवस्थापन समिति गठन हुनेछ ।

क) सम्वन्धीत वडाको वडा प्रमुख - संयोजक

ख) सम्वन्धीत वडावा वडा सदस्यहरू ( सदस्य

ग) वडा प्रहरी कार्यालयको प्रमुखले तोकेको प्रहरी कर्मचारी - सदस्य

घ) सम्वन्धीत वडाका नागरिक संगठन, संघ संस्था, टोल, आमा समुहहरू मध्येहरूबाट वडा प्रमुखले तोकको ३ जना - सदस्य

ङ) संयुक्त टोल संगठन वडा समन्वय समितिका संयोजक वा प्रतिनिधिसदस्य

च) होटल तथा पेय पदार्थ व्यवसायी संघका प्रमुख वा प्रतिनिधिसदस्य

छ) साना तथा मझौला होटल व्यवसायी संघका प्रमुख वा प्रतिनिधि - सदस्य

ज) होटल व्यवसायी संघका प्रमुख वा प्रतिनिधि- सदस्य

झ) सम्वन्धीत वडाका वडा सचिव - सदस्य सचिव

६. **वडा स्तरीय मदिरा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः**

क) मदिरा व्यवसाय संचालन अनुमति दिदा कार्यविधिमा उल्लेख भएका प्रकृया पूरा गर्ने व्यवसायलाईमात्र ईजाजत पत्र प्रदान गर्ने ।

ख) वडामा यस कार्यविधि बमोजिम मदिरा विक्री वितरण तथा सेवन भएको छ छैन ? सो को अनुगमन गरी त्यसको जानकारी मूल समितिलाई दिने ।

धर्मदेवी नगरपालिका
धर्मदेवी नगरपालिका

ग) यस कार्यविधिमा भएको व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।

घ) यस कार्यविधिको पालना नगर्नेलाई कार्यविधि बमोजिम जरिवाना गर्ने । जरिवाना तिर्न अटेर गरेमा सो को जानकारी मूल समितिलाई दिने

ङ) समय समयमा मूल समितिले दिएको आदेश निर्देशनको पालना गर्ने गराउने ।

च) यस कार्यविधि बमोजिम आफूले गर्नुपर्ने अन्य कार्य गर्ने ।

छ) कार्यविधि कार्यान्वयनका लागि आवश्यक सुझावहरू भए समितिको निर्णय गराई मूल समितिमा लिखित प्रतिवेदन पेश गर्ने।

## परिच्छेद ३

### मदिरा व्यवस्थापन कोष सम्वन्धी व्यवस्था

७. यस कार्यविधि विपरीत मदिरा विक्री वितरण र सेवन गर्ने व्यक्तिबाट यस कार्यविधि बमोजिम उठेको जरिवाना रकमको निश्चित प्रतिशत राजश्व खातामा जम्मा हुनेछ । धर्मदेवीनगरपालिकाको आर्थिक ऐन २०७६ अनुसार मदिरा कारोवार गर्ने व्यवसायीहरूबाट नवीकरण गर्दा नवीकरण दस्तूर बाहेक लिइने एकमुष्ट वार्षिक रकम विपन्न उपचार सहयोग कोषमाजम्मा गरी कार्यविधि बनाई देहाय अनुसार खर्च गरीनेछ ।

क) गम्भीर रोग लागेका तर आर्थिक अवस्था अभावका कारण उपचार गर्न असमर्थ भएका व्यक्तिलाई आर्थिक सहयोग गर्ने ।

ख) घरेलु हिंसामा परेका महिलाहरूलाई आवश्यक जिवीकोपार्जनका लागि आवश्यक सहयोग गर्ने ।

ग) बेवारिसे व्यक्ति मरी लाश सदगद गर्नु परेमा ।

घ) मदिरा तथा लागू पदार्थ सेवन विरूद्धका जनचेतनामूलक कार्यक्रमहरूमा ।

ङ) मदिरा सेवन व्यक्तिहरूको पुनर्स्थापनका लागि स्थापना भएको केन्द्र व्यवस्थापन कार्यमा ।

## परिच्छेद ४

### मदिराको विक्री वितरण र व्यवस्थापन सम्वन्धी व्यवस्था

८. मदिरा व्यवसाय संचालन गर्न धर्मदेवीनगरपालिकाबाट अनिवार्य ईजाजतपत्र लिनुपर्ने र मदिराको विक्री वितरण गर्दा सामाजिक सदभाव, शान्ति सुव्यवस्था, अमन चयन खल्वलिन नहुने, घरेलु हिंसा, समाजमा झैझगडा नभई शान्ति कायम हुने गरी मात्र गर्नु पर्नेछ ।

क) मदिराको विक्री वितरण गर्दा नगरपालिकाबाट जुन उद्देश्यका लागि ईजाजतपत्र लिएको हो सो बमोजिम थोक विक्रेताले दिउँसो १:०० बजेदेखि बेलुकी ९:०० बजेसम्म, खुद्रा विक्रेताले बेलुका ६:०० बजेदेखिराती१०:०० बजेसम्म र विर्को खोली मदिरा व्यवसाय गर्नेले बेलुका ६:०० बजेदेखि रात्री १०:०० बजेसम्म (कार्तिक, मंसिर, पुष र माघ मसान्त सम्म) र अन्य महिनाको हकमा विर्को खोली मदिरा व्यवसाय गर्ने व्यवसायीले बेलुकी ९:०० बजे सम्म व्यवसाय संचालन गर्न पाइनेछ ।तर नगरपालिकाले तोकेको विशेष पर्यटकीय क्षेत्रभित्र उक्त समयसीमा र अन्य व्यवस्था तोकीए बमोजिम हुनेछ।

ख) कुनैपनि मदिरा पसलले बेचविखन गर्न सार्वजनिक स्थान, विद्यालय, स्वास्थ्य संस्था, धार्मिक स्थल, सुधार गृह, बाल स्याहार केन्द्र, पुस्तकालय, सरकारी कार्यालय तथा समाजिक महत्वका स्थानबाट २०० मिटरभित्र अनुमति विना बेचविखन गर्न पाइने छैन ।

ग) धर्मदेवीनगरपालिकाको अन्तराष्ट्रिय सीमाक्षेत्र नाकाको २०० मिटर भित्र मदिरा व्यवसाय कारोवार गर्न पाइनेछैन गरेको पाइएमा जफत गरिनेछ ।

घ) मदिरा विक्री वितरणको कारोवार गर्न अनुमति लिएकाहरूले सो बाहेक सोहि ठाउँमा अन्य व्यवसायको कारोवार गर्न पाउने छैन । साथै जुन स्थानमा व्यवसाय गर्ने हो, सोही स्थानमा व्यवसाय गर्नुपर्नेछ । स्थान परिवर्तन गर्नुपरेमा सो को पूर्व सहमति वडा कार्यालयबाट लिनुपर्नेछ । वडा कार्न्यालयले स्थान परिवर्तन भएमा पुन बुदा नं. ९ (ख) बमोजिमको प्रकृया अवलम्वन गरी सहमति–पत्र दिनुपर्नेछ ।

ङ) किराना, खाद्यान्न, तरकारी, औषधि, मासु, कपडा, फलफुल लगायतका

कुनै पनि पसलबाट मदिरा विक्री वितरण गर्न पाइने छैन ।

च) मदिराको स्वीकृति लिएका होटेलहरूमा खाना र बास क्षेत्र बाहेक मदिरा सेवन रेष्टुरेण्ट अलगै हुनु पर्नेछ ।

छ) १८ वर्ष भन्दामुनिका तथा गर्भवती र सुत्केरी व्यक्तिहरूलाई मदिराखरिद, विक्री वितरण र ओसार पसार गर्न गराउन पाइने छैन ।

ज) ईजाजतपत्र प्राप्त गरी उत्पादन गर्ने व्यवसायीले मदिराको प्रत्येक बोटलको बिर्कोमा पर्ने गरी अन्तशुल्क टिकट टाँस गरेको हुनुपर्दछ

झ) मदिरा खरिद विक्री गर्नेले मदिरा खरिद विक्री गरेको विवरण राखु पर्नेछ ।

ञ) मदिरा विक्री वितरण गर्ने ईजाजतपत्र प्राप्त व्यवसायीले पसल बाहिर सडकबाट देखिनेगरी बोर्ड राखु पर्नेछ त्यसैगरी कानून बमोजिम सरकारी निकायहरूबाट लिएको ईजाजतपत्रहरू सवैले देख्नेगरी कारोवार स्थलमा राखुपर्नेछ ।

ट) कसैले पनि प्लाष्टिकको पोका (पाउच) मा मदिरा राखी मदिराको विक्री वितरण गर्न पाइने छैन । त्यसैगरी कानूनले बन्देज गरेका घरेलु मदिरा विक्री वितरण, ओसार पसार आदि गर्न पाइनेछैन ।

ठ) समुदायको धर्म, संस्कार, चाडपर्वलाई मात्र ध्यान दिएर सम्वन्धीत पक्षबाट वडा स्तरीय मदिरा व्यवस्थापन समितिलाई अनुरोध हुन आएमा सामाजिक शान्ति, सुव्यवस्था र अमनचयन नखलबलिने, घरेलु हिंसा, सामाजिकझै झगडा नहुने र शान्ति कायम हुनेगरी मात्र वडा स्तरीय मदिरा व्यवस्थापन समितिको निर्णयमा समय, सीमातोकी मदिरा प्रयोग गर्न दिन सकिनेछ ।

ड) मदिरा व्यवसायीहरूले आफ्नो पसल व्यवसायबाट निस्कने कुनैपनि प्रकारका फोहोर सार्वजनिक स्थलमा फाल्न पाइने छैन । साथै अनिवार्यरूपमा सफाइको सदस्यता लिनु पर्नेछ ।

ढ) मदिरा व्यवसायी वा अन्य विक्रेताले हाटबजार, सार्वजनिक स्थल, चोक तथा मेला, पर्वहरूमा मदिरा विक्री वितरण गर्न पाइने छैन ।

ण) मानव स्वास्थ्यप्रति चेतना गराउने सूचना तथा होर्डिङ्ग वोर्ड बाहेक मदिराको प्रचार, प्रसार, माईकिङ्ग, विज्ञापन तथा होर्डिङ्ग वोर्ड राख्न पाइने छैन ।

त) मदिरा विक्रेता तथा सेवन कर्ताहरूले अनुमति प्राप्त होटल, रेष्टुरा बाहेक अन्यत्र मदिरा सेवन गर्न गराउन पाइने छैन ।

थ) तोकिएको समय सीमाभन्दा वढी समय संचालन भएको पाइएमा दोब्बर जरिवाना लाग्नेछ तीनपटक भन्दावढी यो कदम दोहोरिए अनुमति पत्र समेत खारेज गर्न सकिनेछ ।

द) मदिरा व्यवसायमा यौनजन्य, लैंगिक हिंसा, अश्लील कृयाकलाप, बाल शोषण, श्रम शोषण आदि गरेको पाईएमा मदिरा ऐन२०३१ बमोजिम कारवाही गरिनेछ ।

## परिच्छेद ५

## कारवाही, जफत र सामानको विक्री सम्वन्धी व्यवस्थाः

१०. कारवाही, जफत र सामानको विक्री सम्वन्धी व्यवस्थाःयो कार्यविधि विपरीत मदिरा विक्री वितरण गरेमा देहाय बमोजिम जरिवाना गरिनेछ

क) कुनैपनि व्यक्ति तथा व्यवसायीले यस निर्देशिका र प्रचलितकानून विपरीत मदिराको उत्पादन, विक्री वितरण, निकासी वा पैठारी गरेको भेट्टाइएमा सो कार्यसँग सम्वन्धित मदिरा मूल समितिको प्रतिनिधिको रोहबरमा प्रचलित कानून बमोजिम मुचुल्का उठाइगरी जफत गरिनेछ ।

ख) उपखण्ड (क) बमोजिम जफत गरेको मदिरामध्ये मदिरा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीले लिलाम विक्री गर्नुपर्नेछ ।

ग) यस निर्देशिका र प्रचलित कानून विपरीत मदिरा कारोवार गर्न प्रयोग गरीएको सवै सामानहरू प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीले जफत गरी तोकीए बमोजिम लिलाम विक्री गर्नेछन्। तर सवारी साधनको हकमा सवारी धनीको मंजुरी रहेनछ भने त्यस्तो सवारी साधनलाई एक पटकका लागि रिहा गरिनेछ तर पुनः दोहोरिए मदिरा कोरोवारको रकमलाई आधारमानी दोब्बर

रकम सवारी साधन धनिलाई जरिवाना गरीने छ । तर, पटक पटक सोहि सवारी साधनमा मदिरा ओसार पसार भएको पाईएमा मूल समितिले निर्णय गरे बमोजिमको कारवाही हुनेछ ।

घ) ईजाजत प्राप्त गरी संचालनमा आएका पसलमा नियमित जसो होहल्ला, सामाजिक अमन चयन, छिमेकीलाई बातावरणीय तथा ध्वनिले पर्ने प्रभावका कारण असहज अवस्था भएमा सामूहिक उजुरी वडा स्तरीय मदिरा व्यवस्थापन समितिमा पेश गर्न सक्नेछ । वडा स्तरीय मदिरा व्यवस्थापन समितिमा उजुरी परेको ७ दिनभित्र सो को प्रकृया अगाडि वढाउनु पर्नेछ । सो अवधिमा निवेदन उपर कुनै प्रकृया अगाडि नबढेमा उक्त उजुरी कर्ताहरूले मूल समितिमा पुन निवेदन दिन सक्नेछन र सो उजुरी उपर छानविन गरी सामान्य देखि सामाजिक सदभाव खल्बलिने अवस्थाको प्रतिवेदन प्राप्त भए मूल समितिले सो व्यवसायीलाई सचेत गराउने, व्यवसाय वन्द गराउने देखि ईजाजतपत्र समेत खारेजी गर्न सक्नेछ ।

ङ) मदिरा व्यवसायीहरूले आफ्नो पसल व्यवसायबाट निस्कने कुनैपनि प्रकारका फोहर सार्वजनिक स्थलमा फालेको प्रमाणित भएमा सो व्यवसायीलाई नगरपालिकाले जारी गरेको फोहरमैला निष्काशन, संकलन, तथा अन्तिम विसर्जन सम्वन्धी निर्देशिका २०६८ बमोजिम कारवाही गरिनेछ ।

च) यस कार्यविधि र प्रचलित कानून कार्यान्वयनको लागि धर्मदेवीनगरपालिकाले मांगेको सहयोग उपलव्ध गराउनु स्थानीय प्रशासन र सरोकारबाला अन्य निकायको कर्तव्य हुनेछ ।

११. यो कार्यविधि र प्रचलित कानून विपरीत मदिरा विक्री वितरण गरेमा देहाय बमोजिम जरिवाना गरिनेछ ।

क) पहिलो पटक रू.२,०००।०० (दुईहजार)

ख) दोस्रो पटक रू.५,०००।०० (पाँचहजार)

ग) तेस्रो पटक रू.७,०००।०० (सातहजार)

घ) सो भन्दा वढी पटक भएमा मूल समितिले थप रकम साथै ईजाजतपत्र खारेज गर्न सम्वन्धीत निकायमा सिफारिस गर्न सक्नेछ

१२. जरिवाना सम्वन्धी व्यवस्थाः

(१) यस कार्यविधि विपरीत मदिरा सेवन गरी समाजमा शान्ति, सुव्यवस्था, अमन चयन खलवल्याउने, झैझगडा गर्ने, होहल्ला गर्ने जस्ता कार्य गरेकोहिँडेको पाइएमा देहाय बमोजिम जरिवाना तथा सजायहुनेछ ।

क) पहिलो पटकलाई रू.२,०००।०० (दुईहजार)

ख) दोस्रो पटकलाई रू.५,०००।०० (पाँचहजार)

ग) तेस्रो पटकलाई रू.७,०००।०० (सातहजार)

घ) सो भन्दा वढीपटक भएमा रू.९,०००।०० (नौहजार) जरिवाना गरिनेछ ।

(२) राष्ट्रसेवक कर्मचारी वा सेवाग्राहीले कार्यालय समयमा मदिरा सेवन गरेको प्रमाणित भएमा उक्त जरिवानामा शतप्रतिशत जरिवाना थप गरी विभागीय कारवाही तथा अन्यको हकमा दफा १२ बमोजिम जरिवाना गरिनेछ ।

(३) धर्मदेवीनगरपालिकाको नगर सभामा प्रतिनिधित्व गर्नु हुने जनप्रतिनिधिले कार्यालय समयमा मदिरा सेवन गरेको प्रमाणित भएमा जरिवानामा शतप्रतिशत जरिवाना सहित थप कारवाहिको लागि नगर सभाले निर्णय गरे बमेजिम हुनेछ ।

(४) यदि कुनै व्यक्तिले उपरोक्त अनुसारको जरिवाना तिर्न ईन्कार गरेमा निजलाई वडा कार्यालय तथा नगरपालिकाबाट प्राप्त सेवा सुविधा रोक्का राखी कार्यवाही गर्न सक्नेछ ।

(५) धर्मदेवीनगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट मदिरा व्यवसायको ईजाजत नलिई व्यवसाय गरेको पाइएमा सो व्यवसायलाई कारवाही सहित व्यवसाय सिलवन्दी गर्नेछ । वडा कार्यालयबाट मदिरा व्यवसायका लागि ईजाजतपत्र दिनु पूर्व जुन स्थानमा मदिरा व्यवसाय गर्नेसो स्थान वरिपरिको घरधनी, जग्गाधनिहरूमध्ये कम्तीमा ५ जनाको अनिवार्य सर्जमिन मुचुल्का उठान गरी (नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी) वडा स्तरीय मदिरा व्यवस्थापन समितिको सिफारिसमा मात्र व्यवसाय संचालन ईजाजतपत्र दिनेछ ।

(६) वैवाहिक समारोह, व्रतबन्ध तथा अन्य भोजका कार्यक्रम (सामाजिक, सांस्कृतिकरूपमा परम्परा रहेको समुदाय वाहेक) मा मदिरा प्रयोग गर्नुपर्ने भए मदिरा खरिद र प्रयोगको अनुमतिसम्वन्धीतवडा स्तरीय मदिरा व्यवस्थापन समितिबाटलिनुपर्नेछ ।

(७) मदिरा व्यवसायीहरूले "मदिरा स्वास्थ्यका लागि हानिकारक छ" भन्ने नारा सबैले देखिने गरी राख्नुपर्नेछ।

(८) भाडामा मदिरा व्यवसाय सन्चालन गर्ने व्यवसायीले व्यवसाय दर्ता तथ नवीकरण गर्दा अनिवार्यरूपमा घर बहाल सम्झौताका कागजातहरू पेश गर्नु पर्नेछ।

९. धर्मदेवीनगरपालिकावासीको कर्तव्यः यो कार्यविधिलाई परिपालन गर्नु, गराउनु प्रत्येक नगरपालिकावासीको कर्तव्य हुनेछ ।

१०. कार्यविधि अन्तर्गत रही यो निर्देशिका कार्यान्वयन गर्न नगरपालिकाले अन्य आवश्यकता अनुसार आदेश जारी गर्न सक्नेछ ।

११. मदिरा विक्री वितरण व्यवस्थापन तथा नियमनका लागिनगरपालिकाले आवश्यकता अनुसार मापदण्ड परिमार्जन गर्न सक्नेछ

१२. यो कार्यविधि कार्यान्वयनपछि नगरपालिका क्षेत्रभित्र संचालनमा रहेका सवै मदिरा व्यवसायीहरूलाई नगरपालिकामा सूचीकृत गरी अद्यावधिक गरिनेछ ।

-०००-

धर्मदेवी नगरपालिका